# नेपाल बीमा प्राधिकरण
# NEPAL INSURANCE AUTHORITY


मितिः २०७९/०८/०६

ने. बी. प्रा. ११९ (०७९/८०) च. नं. २३०४

श्री इजाजत प्राप्त सम्पूर्ण बीमकहरु,

विषयः निर्देशन गरिएको बारे ।

सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा बीमकले अपनाउनु पर्ने निरोधात्मक उपायहरुलाई थप प्रभावकारी बनाउन तथा बीमा क्षेत्रमा हुने आर्थिक अपराधलाई न्यूनीकरण गर्न देहाय बमोजिम व्यवस्था गर्न, गराउन हुन निर्णयानुसार जानकारी गरइन्छः-

१. बीमालेखमा हिताग्राही/मनोनित उल्लेख गर्दा निजको पहिचान सम्बन्धी कागजात (नागरिकता वा सरकारी निकायबाट जारी परिचय खुल्ने अन्य कागजात) अनिवार्य लिनुपर्ने व्यवस्था गर्ने,
२. बीमलेखमा हिताग्राही/मनोनित उल्लेख गर्दा उक्त व्यक्ति उच्च राजनैतिक व्यक्ति (PEPs) भए/नभएको एकीन गर्नुपर्ने,
३. पच्चीस लाख भन्दा बढी बीमाङ्क कायम गरी जारी हुने जीवन बीमालेखमा इच्छ्याईएको व्यक्तिसंगको सम्बन्ध खुल्ने कागजात अनिवार्य लिनुपर्ने,
४. बीमकका सञ्चालक तथा कार्यकारी प्रमुखको नियुक्ति सम्बन्धी उपयुक्तताको परीक्षण (Fit and Proper Test) गर्दा निजको आपराधिक पृष्ठभूमि बारे जानकारी लिन प्रहरी प्रतिवेदन (Police Clearance Report) अनिवार्य गर्नुपर्ने,
५. एकप्रतिशत भन्दा बढीको संस्थापक शेयर कारोबारको सम्बन्धमा प्राधिकरणको स्वीकृति माग गर्दा खरीदकर्ताको प्रहरी प्रतिवेदन पेश गर्नुपर्ने,
६. बीमकका कर्मचारी तथा बीमा अभिकर्ताका लागि सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी तालिम/अभिमुखीकरणको संख्या बढाउनु पर्ने।

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक

बोधार्थः
श्रीमान् अध्यक्षज्यूको सचिवालय,
नेपाल बीमा प्राधिकरण ।


पो.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोनः ०१-५४२१०७९, ५४३८७४३, फ्याक्सः ०१-५४२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९